शुरुवात दैनिकमा प्रकाशित मिति: २०७५ पौष ११ गते बिहीबार


बारपाक सुलिकोट गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

तल्लोबजार गोरखा

गण्डकी प्रदेश, नेपाल ।

Website: www.Sulikotmun.gov.np

Email: Barpaksulikotrm@gmail.com


प.सं. : ०७५/०७६

मिति: २०७५/०९/१८

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/९/११

यस बारपाक सुलिकोट गाउँपालिकाको निम्न अनुसारको पदमा करार सेवामा २०७५/०७६ असार मसान्त सम्मको लागि तपशिल बमोजिमको पदमा कर्मचारी आवश्यक रहेको हुँदा योग्यता पुगेका नेपाली नागरिकले आफ्नो व्यक्तिगत विवरण, नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यता र अनुभवका प्रमाण-पत्रहरु संलग्न राखी लोकसेवा आयोगले जारी गरेको दरखास्त फारममा भरी यस गाउँपालिकाको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### माग गरिएका पदहरु

| क्र.सं. | विज्ञापन नं. | पद/श्रेणी | सेवा/समूह | परिक्षाको किसिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६-२०७५/०७६ | अ.न.मी./स.चौथो | स्वास्थ्य/प.हे.न. | लिखित/अन्तरवार्ता | ४ | गा.पा.स्वा.संस्था |
| २ | ७-२०७५/०७६ | का.स./श्रेणी विहिन | प्रशासन | अन्तरवार्ता | १ | गा.पा.कार्यालय |
| ३ | ८-२०७५/०७६ | का.स./श्रेणी विहिन | प्रशासन | अन्तरवार्ता | १ | गा.पा.वडा नं. ३, स्वाँरा |

**क) शैक्षिक योग्यता : विज्ञापन** नं. ६ - २०७५/०७६ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी.उत्तीर्ण भई सम्बन्धित परिषदमा दर्ता भएको र म्याद समाप्त भएको भए नवीकरण भएको हुनुपर्नेछ । **विज्ञापन** नं. ७ -२०७५/०७६ र ८-२०७५/०७६ को लागि एस.एल.सी. वा एस.इ.इ. उत्तिर्ण भएको ।

**ख) दरखास्त दस्तुर** : विज्ञापन नं. विज्ञापन नं. ६-२०७५/०७६ को लागि रु. ७००।- र विज्ञापन नं. ७-२०७५/०७६ र ८-२०७५/०७६ को लागि रु. ५००।-

**ग) उमेर** : विज्ञापन नं. ६ -२०७५/०७६ को लागि १८ पूरा भएको र **४० वर्ष** ननाघेको हुनुपर्ने छ । विज्ञापन नं. ७-२०७५/०७६ र ८-२०७५/०७६ को लागि १८ पूरा भएको र **३५ वर्ष** ननाघेको र **महिलाको हकमा ४० वर्ष ननाघेको हुनेपर्नेछ** ।

**घ) आवेदन दिने अन्तिम मिति** : पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ।

**ङ) मासिक तलब** : गाउँपालिकाको करार सम्झौता अनुसार ।

**च) कार्य क्षेत्र** : अ.न.मी.को हकमा बारपाक सुलिकोट गाउँपालिका मातहतकास्वास्थ्य चौकीहरु, कार्यालय सहयोगीको हकमा गाउँपालिका गाउँपकार्यपालिकाको कार्यालय र बारपाक सुलिकोट गा.पा. वडा नं. ३, वडा कार्यालय, स्वाँरा ।

**छ) छनौटको किसिम** : विज्ञापन नं. ६-२०७५/०७६ को लागि लिखित/अन्तरवार्ता, विज्ञापन नं. ७-२०७५/०७६ र ८-२०७५/०७६ को लागि अन्तरवार्ता र छनौट सिफारीस समितिले तयार गरेको मापदण्डको आधारमा ।

**ज) आवेदन बुझाउने स्थान** : यस गाउँपालिकाको प्रशासन शाखा ।

**झ) आवेदन दिने तरिका** : निवेदनको साथ आफ्नो व्यक्तिगत विवरण र नेपाली नागरिकताको प्रतिलिपि सहित स्वयं उपस्थित भई कार्यालयमा बुझाउन सकिने

**ञ) विशेष प्राथमिकता** : सम्बन्धित विषयमा तालिम प्राप्त र अनुभवी व्यक्तिहरु साथै वडा कार्यालयको लागि सम्बन्धित वडाको स्थानियलाई प्राथमिकता दिईनेछ ।

**ट) करार अवधि** : २०७६ असार मसान्त सम्म ।

**ठ) थप जानकारीको लागि** : ९८५६०१००६०/९८४६०७०४२२/९८४६०७५२२२/९८४५०७०४२१

**ड) परीक्षा सम्पर्क मिति** : आवेदन बुझाएको मितिको भोलि पल्ट कार्यालय समयमा ।

नोट : सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

.............................

ईश्वरी प्रसाद पनेरु

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत